गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्ड:- ०३  संख्या:- ६  मिति:- २०७६/११/२१

भाग - २

# आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, **२०७६**

**प्रस्तावनाः**

**गाउंपालिकाको** समग्र विकासको लागि गाउंपालिकामा राजश्व लगाउने तथा उठाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न बाञ्छनीय भएकोले,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी गोसाईकुण्ड गाउंपालिकाले यो कार्य विधि बनाई लागु गरेको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. यो कार्यविधिको नाम "आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७६" रहेको छ। यो कार्यविधि गाउं कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउंछ ।

(ख) "गाउंपालिका" भन्नाले गोसाईकुण्ड गाउंपालिकालाई जनाउंछ ।

ग) "सभा" भन्नाले गोसाईकुण्ड गाउंपालिको गाउं सभालाई जनाउंछ ।

घ)"कार्यपालिका" भन्नाले गोसाईकुण्ड गाउंपालिकाको गाउं कार्यपालिकालाई जनाउंछ ।

ङ )"अध्यक्ष" भन्नाले गाउंपालिकाको अध्यक्षलाई जनाउंछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउंपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यगर्न तोकिएको कर्मचारीलाई जनाउंछ ।

(छ) "सिलबन्दी दरभाउपत्र" भन्नाले गाउंपालिकाको सूचना बमोजिम कुनै निर्माण कार्य मालसामान, परामर्श सेवा आय संकलन गर्नको लागि ईच्छुक व्यक्ति कम्पनी वा संस्थाले सिलबन्दी खाम भित्र मूल्य समेतउल्लेख गरी पेश गरेको वि सम्झनु पर्छ ।

(ज) "बोलपत्र" भन्नाले गाउंपालिकाले खरिद तथा आय संकलनको लागि प्रकाशन गरेको सूचना अनुरुप गाउंपालिकाले तोकेको ढांचामा बोलपत्रदाताले पेश गरेको मूल्यखुल्ने कागजात, प्रस्ताव वा दररेट सम्झनु पर्छ ।

(झ) "बोलपत्र सम्वन्धी कागजात" भन्नाले बोलपत्रदाताले मूल्य वा प्रस्ताव वा दररेट भरी वा तयार गरी पेश गर्नका लागि बोलपत्र आह्वान गर्नेसम्बन्धित सार्वजनिक निकायले तयार गरेका लिखत सम्झनु पर्छ र सो शब्दले बोलपत्रदाताला ई दिइएको निर्देशन, स्पेशिफिकेशन, नक्सा, डिजाइन,कार्यक्षेत्रगतकाशर्तहरु (टर्मस अफ रेफरेन्स), कार्यतालिका, मूल्यांकनका आधार, परिमाण सूची,सम्झौताका शर्तहरु र यस्तै अन्य कागजात समेत लाई जनाउनेछ ।

(ञ) "ठेक्का" भन्नाले गाउंपालिकाले यस कार्यविधिको प्रकृया पूरा गरी बोलपत्र सिलबन्दी दरभाउपत्र वा अन्य कुनै माध्यमबाट आय संकलन गर्ने गरी गरेको सम्झौता सम्झनु पर्छ।

(ट) "ठेक्का सम्झौता" भन्नाले यस कार्यविधि नियमावली वा प्रचलित कानून बमोजिम गाउंपालिकाको आन्तरिक आय उठाउन गाउंपालिका र अन्य कुनै पक्षबीच शर्त गरिएको सम्झौता सम्झनु पर्छ ।

(ठ) "कबोल अंक (बिड प्राइस)" भन्नाले कुनैबोलपत्रको परीक्षण र मुल्यांकन समेतबाट कायम हुन आएको रकम सम्झनु पर्छ ।

(ड "सम्झौता मूल्य(कन्ट्रयाक्ट प्राईस)" भन्नाले सम्झौतामा उल्लिखित सम्झौता सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्झौता अन्तर्गत भेरिएसन आदेश जा त्यस्तो आदेश बमोजिम भएको कामको नापजाच गर्दा कायम भएको मूल्य र मूल्य समायोजन भएकोमा त्यस्तो समायोजनबाट कायम भएको खरिद मूल्य समेतलाई सम्झनु पर्छ ।

(ढ) "बहुबर्षीय सम्झौता" भन्नाले एक वर्ष भन्दा बढी अवधि भएको सम्झौता सम्झनु पर्छ।

(ण) "धरौटी रकम" भन्नाले कुनै काम टुङगो नलागेसम्म सुरक्षण बापत राखिएको रकम ( रिटेन्सन मनी) वा अर्नेष्ट मनी वा सो बापतको बिडबण्ड, पर्फर्मेन्स बण्ड सम्झनु पर्दछ। सो शब्दले अन्य कुनै कारणले राखिएको धरौटी रकम समेतलाई जनाउनेछ ।

(त) "बढाबढ" भन्नाले यस कार्यविधि बमोजिम गाउंपालिकाको आन्तरिक आय उठाउन ठेक्का बन्दोबस्त गर्नका लागि ठेक्का लिन चाहने व्यक्तिहरुबाट डांक गरिएको बढाबढ सम्झनु पर्छ ।

थ) "डाक" भन्नाले बढाबढ हुंदा ठेक्का लिन चाहने व्यक्तिले सो ठेक्का सम्बन्धमा कबुल गरेको नगद वा जिन्सीको अंक सम्झनु पर्छ ।

(द ) "अमानत" भन्नाले गाउंपालिका आफैंले सिधै सम्पन्न गर्ने कार्य वा सेवा सम्झनु पर्छ।

## परिच्छेद- २
## आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त

३. आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेः १. यस बार्यविधिको अधीनमा रही गाउंपालिकाको सम्बन्धित गाउं सभाले निर्णय गरे अनुसारको करको दर, सेवाशुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असूल गर्न गाउंपालिकाले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेछ ।तर गाउंपालिकाको आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दो प्रशासनीक दायित्व बढ्न जाने अवस्थामा बढीमा तीन वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिने छ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि “आन्तरिक आय” भन्नाले नेपाल सरकारबाट पाप्त अनुदान, राजस्व वांडफांडबाट प्राप्त हुने रकम तथा अन्य बिशेष प्रकृतिको अनुदान वाहेक गाउंपालिकाले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय सम्झनु पर्छ (२) यस गाउंपालिका वा दुई भन्दा बढी अन्य गाउंपालिको समूहले आपसी सहमतिद्वारा संयुक्त रुपमा उपदफा (१) बमोजिम ठेक्का बन्दोबस्त गर्न सक्नेछन् ।

(३) गाउंपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनु अगाडि नै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ । यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि ठेक्का बन्दोबस्त गर्दा फर्म तथा व्यक्तिको सूचीकृत गराई रहन आवश्यक पर्ने छैन ।

**(४) उप दफा (१) बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ :-**

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता सम्भावित परिचालन, सो श्रोतपरिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अङ्क विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक अंक समेत र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम असूली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भइ सकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि गाउंसभाले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय पांच लाख रुपैया भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा र पांच लाख भन्दा बढी उठ्ने भएमा बोलपत्र आह्वान गरी सम्झौता गर्नु पर्नेछ । तर दफा १३ बमोजिम संकलन हुने शुल्कको सम्बन्धमा सोही दफा बमोजिम
अनुमती प्राप्त गर्ने निवेदकबाट एकमुष्ट रुपमा गाउपालिकाको संचित कोष खातामा जम्मा गर्नुपर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम बोलपत्र आह्वान गर्दा दशलाख रुपैयासम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना बोलपत्र माग गर्ने स्थानीय तह, जिल्ला प्रशासन कार्यालय,मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, तथा सदरमुकाममा कुनै निर्माण व्यवसायी संस्था भए त्यस्ता संस्थाको वा कार्यालयमा समेत सबैले देख्ने गरी सार्वजनिक ठाउंमा सूचना टांस गरी सोको मुचुल्का वा टांसको जानकारी प्राप्त गर्नु पर्नेछ । दशलाख रुपैया भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद राखी राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(ङ) खण्ड (घ) बमोजिमकोसूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :

(१) साबिकमा ठेक्का लागि आएको भए कति रकम र के शर्तमा ठेक्का लागेको हो सो कुरा,

(२) ठेक्काका मुख्य मुख्य शर्तहरु,
(३) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित पमिाण,
(४) ठेक्का सम्झौता बमोजिमको एकमुष्ट रकम बुझाउंदा छुट दिईने भए सो कुरा,
(५) बोलपत्र फारम प्राप्त हुने स्थान (स्थान खुलाउंदा गाउंपालिकाको निर्णयले एकभन्दा बढी स्थानीय तह र जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु, कोष तथा लेखा नियन्त्रककार्यालय समेतलाई समावेश गर्न सकिने वा इन्टरनेट डाउनलोड गरी फाराम प्राप्त गर्न सकिने व्यवस्था समेत मिलाउन सकिनेछ । यसरी इन्टरनेटबाट डाउनलोड गरिएको बोलपत्र दाखिला गर्दा उक्त सूचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ ।
(६) बोलपत्र पठाउनु पर्ने तरिका,
(७) बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम (कायनार्मलय वा अधिकारीको नाम खुलाउंदा सम्बन्धित गाउंपालिकाको निर्णयले एकभन्दा बढी स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिनेछ ।,
(८)बोलपत्र बापत लाग्ने फाराम दस्तुर,
(९) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय, तथा बोलपत्र खोलिने समय, मिति र स्थान,
(१०) बोलपत्र उपर निर्णय हुने मिति,
(११) जमानत बापत राख्नु पर्ने रकम वा वैंक ग्यारेन्टीको किसिम र मान्य अवधि,
(१२) अन्य आवश्यक कुराहरु ।
(च) खण्ड (ङ) को उपखण्ड(८) बमोजिम बोलपत्र फारमको दस्तुर अनुसूचि १ बमोजिम हुंनेछ ।
(छ) खण्ड (ङ) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, विदेशी बोलपत्रदाताले बोलपत्र दिंदा खुलाउनु पर्ने कुरा, स्थानीय एजेन्ट भएका विदेशी बोलपत्रदाताको सम्बन्धमा हुने कारबाही, बोलपत्रदाताको एजेन्टले पेश गर्नुपर्ने विवरण,
(ज) खण्ड (घ) बमोजिम प्रथम पटक बोलपत्र आव्हान गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित ठेक्का अंक भन्दा कम भएमा पहिलाको म्याद भन्दा कम्तीमा आधा म्याद दिई पुनः सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ ।
(झ) खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा दिनको म्याद दिई खण्ड(ङ ) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सा बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ :

(१) बढाबढ हुने गोसाईकुण्ड गाउंपालिकाको कार्यालय वा अन्य कुनै स्थान,

(२) बढाबढ हुने समय र मिति,

(३) अन्य आवश्यक कुराहरु

(५) उप दफा (४) को खण्ड(ङ) र खण्ड (झ) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा बढाबढ डांक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफूले कबूल गरेको अंकको पांच प्रतिसत बिदेशी नागरिक भए, आफूले कबूल गरेको अंकको दश प्रतिशत रकम गोसाईकुण्ड गाउंपालिका नाममा सूचनामा
तोकिएको बैंकमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकले जारी गरेको पचहत्तर दिन म्याद भएको विडवण्डको संलग्न सक्कल प्रति राख्नु पर्नेछ । तर वढावढ गर्दा पनि गाउंपालिकाले तोके बमोजिमको न्यूनतम अंक पनि कबोल हुन नआएमास्तरीय राजश्व परामर्श समितिको सिफारिसमा आवश्यक प्रकृया अपनाई आन्तरिक आयको व्यवस्था गर्न सकिनेछ ।
(६) कानुन बमोजिम जफत हुने अवस्थामा बाहेक उपदफा (५) बमोजिम राखिएको जमान वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डांक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नु पर्नेछ । तर कुनै ठेक्काको चलान पूर्जी नलिएसम्म वा पट्टा नउठाएसम्म सो ठेक्का कबुल

गर्ने मध्ये सो ठेक्का क्रम अनुसार दिन सिफारिस गरिएका जमानतवालाहरुको जमानत गाउंपालिकाले फिर्ता नगरी स्थगित गर्न बाधा पर्ने छैन ।
(७) उप दफा (४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मिति वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य थानमा कुनै वा हुलाक, फोन आकाशवाणीद्वारा बोलेको कुनै पनि डांक उपर कुनै कारबाही गरिने छैन ।

४. ठेक्का स्वीकृत गर्नेः(१) दफा ३ को उप दफा (४) अन्तरगत प्रकाशित सूचना बमोजिम दाखिला भए कुनै वा सबै बोलपत्र वा बोलेको कुनै वा सबै डांक गाउंपालिकाले कुनै कारण देखाई वा नदेखाई वा स्वीकृत वा अस्वीकृत गर्नसक्नेछ ।

(२) रितपूर्वकको बोलपत्र प्राप्त भए पछि सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र स्वीकृत गर्नुपर्नेछ ।
(३) दफा ३ को उप दफा (४) को खण्ड (झ) बमोजिम सार्वजनिक बढावढ गर्दा न्यूनतम अंकबाट शुरु गरी सबैभन्दा बढी डांक कबोल गर्नेवालाको डांक तत्कालै दफा ३ को उपदफा (५) बमोजिमको धरौटी वा वैंक ग्यारेन्टी लिई स्वीकृत गर्नु पर्नेछ ।
(४) यस परिच्छेद बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढको डांक स्वीकृत गर्ने अधिकार मा ~~उल्लिखित अधिकारीहरुलाई सो~~ही दफाहरुमा उल्लेख भए बमोजिम हुनेछ ।

५. पट्टा दिने र कबुलियत गराउनेः(१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डांक स्वीकृत भैसकेपछि ठेक्का बन्दोबस्त गर्ने गाउंपालिका वा अधिकारीले सात दिनभित्र सो कुराको सूचना बोलपत्र वा डांक वालालाई दिनुपर्नेछ ।
(२) उपदफा (१) बमोजिम सूचना जारी गर्दा बाटाको म्याद बाहेक सातदिनको म्याद दिई सो म्याद भित्र आफ्नो कबूल बमोजिम कबुलियत गर्न नआएमा त्यस पछिको बोलपत्र वा डांकवालालाई ठेक्का दिईने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ । तर यस्तो सूचना कुनै स्थानीय पत्रपत्रिकामा प्रकाशन गरेमा वा गाउंपालिकाको वेभसाइडमा राखेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ ।
(३) उप दफा (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई कबुलियत गर्न मञ्जूर गरे ठेक्का बन्दोबस्त गर्ने गाउंपालिकाको प्रमुख प्रशासकीय अधिकृतले निजबाट तुरुन्त कबुलियतगराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डांकवालालाई प्राथमिकता दिई उपदफा (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ यसरी ठेक्का वन्दोवस्त गर्दा त्यस्तो रकम गाउंपालिकाले अनुमान गरेको अंक भन्दा कम हुने रहेछ भने यस कार्यविधिको प्रकृया पुऱ्याई पुनः बोलपत्र आव्हान गर्नुपर्नेछ ।
(४) गाउंपालिकाले संयुक्त रुपमा आव्हान गरेको बोलपत्र वा बढाबढको डांक स्वीकृत गर्ने र ठेक्काबन्दोबस्त गर्ने अख्तियारवालाले बोलपत्र खोलिएको वा डांक बोलाईएको तीन दिनभित्र बोलपत्र वा डांक स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि सो स्वीकृत गर्ने संयुक्त समिति समक्ष पेश गरि निकासा भएबमोजिम गर्नु पर्नेछ । गाउंपालिकाको संयुक्त समितिले पनि यसरी पेश भएको पन्ध्र दिन डांक स्वीकृत भए वा नभएको निकासा दिइसक्नु पर्नेछ । सो म्यादभित्र पेश नगरेको वा निकासा नदिएको कारणले गाउंपालिकालाई कुनै हानी नोक्सानी भएमा जसको ढिलाई वा लापरवाहीले गर्दा म्याद भित्र पेश वा निकासा हुन नसकेको हो सो जिम्मेवार व्यक्तिबाट सो हानी नोक्सानी असूल उपर गरी लिनु पर्नेछ ।
(५) बोलपत्र वा डांक स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाता वा डांकवालाबाट स्वीकृत ठेक अंकको कुल रकमको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको कम्तीमा छ महिना म्याद भएको परफरमेन्स वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसंग अनुसूची २ बमोजिम कवुलियत

गराई अनुसूची-३ बमोजिम पट्टा दिनु पर्नेछ र अनुसूची ४ बमोजिमको रसिद सम्बन्धित बोलपत्रदाता वा डांकवालाको लगानीमा आवश्यक प्रति छपाई कार्यालयले सहीछाप गरिदिनुपर्नेछ ।

(६) बोलपत्र वा डांक स्वीकृत भएको सूचना प्राप्त भए पछि सो सूचनामा तोकिएको म्याद भित्र बोलपत्र वा डांकवालाले चलनी पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले दफा ३ को (उपदफा ५ बमोजिम राखेको जमानत जफत भई गाउंपालिकाको कोषमा दाखिला हुनेछ ।

६. ठेक्का रकमको किस्ता बुझाउने तरिका: (१) गाउंपालिकाले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ताको अंक निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उललेखित असुली कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ । तर यसरी कार्यतालिका बनाउंदा राजश्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ ।

(२) ठेकेदारले सम्झौताको समयमा ठेक अनुसारको सम्पूर्ण ठेक रकम एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा दश प्रतिशतसम्म छूट दिन सकिनेछ । तर यस्तो छूटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा उल्लेख भएको हुनु पर्नेछ ।

७. ठेक्का तोड्न :

१) पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नुपर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधि बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुदै विचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुंदैन ।

२) कुनै ठेकेदारले गाउंपालिकाले तोकेको दरभन्दा बढी दरमा कर असूल गरेमा सम्झौतामा उल्लेख वा सम्भव नभएका मालवस्तुमा कर, सेवाशुल्क वा दस्तुर असूल गरेमा वा एक स्थानीय तहले लिएको करको प्रमाण हुंदा हुंदै दोहोरो हुंने गरी कर असूल गरेमा त्यस्तो रकम त्यस्तो ठेकेदारबाट असूल गरी सम्बन्धित व्याक्तिलाई सम्बन्धित गाउंपालिकाले फिर्ता गर्नु पर्नेछ ।

३) उपदफा (२) मा उल्लेखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ यसरी धरौटी जफत गर्दा पनि नयां ठेक्कान्दोवस्त गर्दा साविकको रकम भन्दा कम र प्राप्त भएमा र नयां ठेक्का वन्दोवस्त गर्दा लागेको रकम असूल उपर नभएमा सरकारी वांकी सरह असुल उपर गरी निजको नाम कालोसूचीमा राखी अन्य स्थानीय तह, प्रदेश र नेपाल सरकारको ठेकेदारको लाईसेन्स दिने कार्यालयलाई समेत जानकारी दिइनेछ ।

(४) उपदफा (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बांकी अवधिको निमित्त ठेकका सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असूली कार्यतालिका बमोजिम महसुल असूल गरी ठेक्का दिन सकिनेछ ।

(५) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट गाउंपालिकालाई भएको नोक्सानी गाउंपालिकाले ठेकेदारबाट लिनु पर्ने बांकी भएमा त्यसको दश प्रतिशत सूद समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बांकी सरह असूल उपर गरिनेछ । तर आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने सम्बन्धित गाउं सभाले सो बमोजिम असूल गर्नु पर्ने रकममध्ये राजश्व परामर्श समितिको परामर्श लिई उपयुक्त रकम मिनाहा दिन सक्नेछ ।

(६) गाउंपालिकाले ठेक्का बन्दोबस्त गरी ठेकेदारलाई दिएको पट्टा वा चलन पूर्जीमा उललेखित कुनै शर्तको उल्लंघन गरेमा वा ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै ठेक्का छुटाएमा त्यसबाट ठेकेदारलाईभएको हानी नोक्सानी स्थानीय तहले व्यहोर्नु पर्नेछ ।

८. बक्यौता रकम असूली सम्बन्धी व्यवस्था- :(१) गाउंपालिकाले विभिन्न कारणवाट असूल हुन नसकी वांकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असुली कार्ययोजना बनाई रकम असूल उपर गर्नु पर्नेछ

(२) उपदफा (१) बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि स्थानीय प्रशासन, प्रहरी,नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्था लाई गाउंपालिकाले असूली अंकको बढीमा ५ प्रतिशतसम्म रकम पुरस्कार स्वरुप उपलव्ध गराउन सक्नेछ । एक भन्दा वढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूली भएको भए यस्तो पुरस्कार दामासाहीबाट उपलव्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१),(२) र (३) बमोजिमको प्रकृयाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी वांकी सरह रकम असूल उपर गर्नु पर्नेछ ।

## परिच्छेद- ३
## *विविध*

९. बोलपत्र वा सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने अधिकारीः (१) आन्तरिक आय ठेक्काका लागि देहाय ~~रकमको बोलपत्र वा सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने~~ अधिकार देहायका अधिकारीलाई हुनेछ ।

(१) पच्चिस लाख रुपैयासम्म प्रमुख प्रशासकीय अधिकृतले,

(२) पचास लाख रुपैयासम्म अध्यक्षले,

(३) पचास लाख रुपैया भन्दा माथि गाउंपालिकाले ।

१०. स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र भएकासंग गर्नुपर्नेः (१) गाउंपालिकाले ठेक्का लगाउदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीवाट मात्र खरिद गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा मूल्यअभिबृद्धि कर प्रमाण पत्र प्राप्त नगरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट समेत खरिद गर्न सकिनेछ ।

(क) एक प्राकृतिक व्यक्तिबाट एक आर्थिक वर्षमा एकलाख रुपैया भन्दा कम रकमको पर्दा,

(ख) मूल्य अभिबृद्धि कर नलाग्ने माल सामान खरिद गर्दा,

**११.** सिलबन्दी दरभाउपत्र सम्वन्धी व्यवस्थाः (१) दशलाख रुपैंयासम्मको निर्माण कार्य, मालसामान वा अन्य सेवा वा आय सिलबन्दी दरभाउपत्र आव्हान गरी गर्न सकिनेछ ।

(४) सिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले अनुसुचि १ मा उललेख भएको रकम तिरी गाउंपालिकाबाट दरभाउपत्रको फाराम खरिद गरी सोही फाराममा सिलबन्दीरभाउपत्र पेश गर्नु पर्नेछ ।

१२. बोलपत्र सम्वन्धी दस्तुरः (१) बोलपत्र सम्वन्धी कागजात खरिद गर्न चाहने इच्छुक व्यक्ति, फर्म, वा कम्पनीले अधिकार प्राप्त अधिकारी वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको बोलपत्र सम्वन्धी कागजात गाउंपालिकाबाट अनुसुचि १ मा उल्लेख भए बमोजिमको दस्तुर तिरी लिनुपर्नेछ ।

(२) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले उपदफा(१बमोजिमको दस्तुर र लाग्ने हुलाक वा कुरियर महसुल तिरी बोलपत्रसम्वन्धी कागजात वा प्रस्ताव आव्हान सम्बन्धी कागजात पठाइ दिन लिखित अनुरोध गरेमा सम्बन्धित स्थानीय तहले त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई हुलाक वा कुरियर मार्फत बोलपत्र सम्बन्धी कागजात पठाई दिनु पर्नेछ । तर त्यसरी पठाउंदा त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थाले बोलपत्रसम्वन्धी कागजात समयमा नै प्राप्त गर्ने गरी पठाउंनु पर्नेछ ।

(३) गाउंपालिकाले बोलपत्रदातालाई करअसुल गर्ने स्थलको यथार्थ जानकारी दिन सम्बन्धित स्थालको भ्रमण गराउन सक्नेछ ।

१३. **निजी वा लिजमा लिएका वा भाडाका जग्गाको माटो वा ढुर्é, बालुवा रोडा मिसिएको माटो वा माटो मिसिएको बालुवाको बिक्री शुल्क सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यबिधिमा जुनसुकै कुरा लेखिएको भएतापनि गोसाईकुण्ड गाउंपालिकाको क्षेत्र भित्र रहेका निजी जग्गा वा लिजमा रहेका जग्गा वा भाडामा लिएका जग्गाका जग्गा धनी व्यक्ति वा कम्पनीले आफ्नो जग्गामा बाढी, पहिरो जस्ता विपदबाट थुप्रिएको वा संकलन भएको माटो वा ढुर्é,बालुवा रोडा मिसिएको माटो वा माटो मिसिएको बालुवा जग्गाबाट निकाली विक्रि गर्न परेमा वा आफ्नो भिरालो जमिन सम्याउने क्रममा जमिन उत्खनन गर्दा जम्मा भएको माल बस्तु बिक्रि गर्नु पर्दा जग्गा धनीले नै कति घनफिट मालबस्तु बिक्रि गर्ने हो सो यकिन गरी गोसाईकुण्ड गाउंपालिकामा निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि गोसाईकुण्ड गाउंपालिकाको कार्यपालिकाले निर्णय गरी बाग्मती प्रदेशको आर्थिक ऐनमा सम्बन्धित आ.व.को लागि त्यस्तो मालबस्तुको लागि तोकिएको दरले बिक्रि गर्न अनुमती माग भएको कुल परिमाणलाई गुणा गर्दा हुने एकमुष्ट रकम बिक्रि शुल्क वापत नगदै गाउपालिकाको संचित कोष खातामा रकम जममा गर्न लगाई अनुमती दिनुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम अनुमती प्राप्त गर्ने निवेदकले गोसाईकुण्ड गाउंपालिकाको बिषय र दर खुलेको अनुसूची (५) बमोजिमको रसिद प्रयोग गरी त्यस्ता मालबस्तु बिक्रि गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको निवेदनमा उल्लेख भएको मालबस्तुको परिमाण र कार्यालयले बिक्रि गर्न अनुमती दिएको दर भन्दा बढी दरले शुल्क अशुल गरेको वा अन्य मालबस्तु बिक्र गरेको कार्यालयबाट अनुगमन गर्दा पाईएमा जुनसुकै समयमा अनुमती रद्ध गर्न सकिने छ ।

# अनुसूची- १
## बोलपत्र सम्वन्धी दस्तुर

| | |
|---|---|
| (क) बीसलाख रुपैयासम्मको लागि | एक हजार रुपैया |
| (ख) बीसलाख भन्दा माथि दुई करोड रुपैयासम्मको लागि | तीन हजार रुपैया |
| (ग) दुई करोड भन्दा माथि छ करोड रुपैयासम्मको लागि | पांच हजार रुपैया |
| (घ) छ करोड भन्दा माथि दश करोडरुपैयासम्मको लागि | छ हजार रुपैया |
| (ङ) दश करोड रुपैयाभन्दा माथि पच्चिस करोड रुपैयासम्मको लागि | दश हजार रुपैया |
| (च) पच्चीस करोड रुपैयाभन्दा माथि जतिसुकै रकमको लागि | बीस हजार रुपैया |

अनुसूची- २

## कबुलियतको फाराम

लिखितम .............................. को नाती .................................. को छोरा .................................... बस्ने बर्ष ...............को ........................................आगे । तपसिल बमोजिमको शर्तमा तपसील बमोजिम क्षेत्रमा गाउंपालिकाको रकम ठेक्काबन्दोबस्त गर्ने गरी यस गाउंपालिका बाट आमन्त्रित गरिएको मिति ........... सूचना नं. ........... अनुसार तपाईले समेत दिनु भएको बोलपत्र बढाबढको व्यहोरा पेश हुंदा आर्थिक वर्ष.................. को रु. ......................... मा ठेक्का बन्दोबस्त गर्न दिने गरी तपाईसंग ठेक्क मिति .......................... मा यस गाउंपालिका बाट निर्णय भएको हुंदा उपर्युक्त निर्णयानुसार तपसिलको सर्त बमोजिमका श्रोतबाट तपसील बमोजिकको क्षेत्रमा गाउंपालिको तर्फवाट आय संकलन गर्ने ठेक्काको कबुलियत गर्न मन्जूरी भै आउनु भएको हो होइन भनी आज मलाई सोधनी हुंदा मेरो चित्तवुझ्यो । यसमा तपसीलमा लेखिएको शर्त बमोजिम कामकाज गर्ने गरी कबुलियत गर्न मन्जूरी भै उपस्थित भएको छु । तपसीलमा लेखिए ब**मो**जिमको शर्तमा कुनै घटी बढी नपारी कामकाज गरी तपसीलमा लेखिए बमोजिमको मिति भित्र गाउंपालिकालाई .................... किस्ताको रकम एकमुष्ट रु. ......................... बुझाई मिति ............................ देखि मिति .................... सम्म ................ आर्थिक वर्षको निमित्त ठेक्का चलाउने छु । पछि मैले कुनै कुरामा उजूर गर्ने छैन । उजुर गरे यसै कागजातबाट बदर गरिदिनु भनी मेरो मनोमानी खुसीराजीसंग रकम चलनको यस कबुलियत लेखी यस गाउंपालिकामा चढाएं ।

### तपसील

(१) तपसीलमा उल्लेख गरिए बमोजिमका क्षेत्र (एरिया) भित्र र शर्तको अधिनमा रही आर्थिक वर्ष................. को रु........................... आर्थिक वर्ष ........... को रु. ............ आर्थिक वर्ष ............. को रु. ...................... समेत गरी जम्मा रु............................. को ठेक्का रकम प्रति किस्ता रु. ............................ का दरले जम्मा .............. किस्तामा दहायको म्यादभित्र किस्ता ठेक बुझाउने गरी.......... साल .......... गतेदेखि................. साल तकलाई प्रचलित कानूनको अधीनमा रही गोसाईकुण्ड गाउंपालिकाको आय संकलन गर्नेछु ।

(२) उक्त आय संकलन गर्नका निमित्त स्थानीय तहको क्षेत्र भित्र व्यवसायिक उत्पादन वा निकासी भएको माल सामानहरुको स्थानीय तहबाट यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा कर शुल्क वा दस्तुरको रुपमा आय संकलन गरी गोसाईकुण्ड गाउंपालिका लाई किस्ता रकम बुझाउनेछु । यसरी संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद यसै गाउंपालिका बाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय संकलन गर्न गोसाईकुण्ड गाउंपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क वा दै-दस्तुर इत्यादि लगाई लिइने छैन र यस गाउंपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै त्यस्तो अनाधिकृत रकम असूल उपर रकम गरेको वा अनाधिकृत रसिद प्रयोग गरेको गाउंपालिकाबाट अनुगमन हुंदा सो पाईएमा नियमानुसार कारवाही र सजाय भोग्न मलाई मन्जुर छ ।

मैले यस रकम बापत बुझाउनु पर्ने देहायको पहिलो किस्ता पट्टा कबुलियत भएका दिन आजै बुझाउंनु पर्ने रु............................ सूचनामा उल्लेख भएको स्थानीय तहको बैंक खातामा जम्मा गरेको नगद बैंक भौचर यसै साथ संलग्न गरेको छु ।

(४) अन्य किस्ताको हकमा तोकिएको मिति ………………… भित्र यस ………………… गाउंपालिकामा बुझाउंदै जानेछु ।

५) यो आय संकलन ठेक्का कबुलियत गरी चलन पूर्जी लिनको लागि कुल ठेक……………………अंक रु………………बराबरको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वाणिज्य बैंकको मिति ………………… सम्म म्याद रहेको परफरमेन्स वोण्ड गाउंपालिका को ……………………… बैंकमा रहेको खाता नं. ……………………………… मा नगदै दाखिला गरेको बैंक भौचर पेश गरेको छु ।

(६) अन्य आवश्यक कुरा केही भएमा …………………

**किस्ताबन्दी :**

…………… साल …………… गते देखि ………… साल …………तक ………… वर्ष ………………… महिनाको ………… जम्मा रु. …………………… साल …………… तक …………… वर्ष १ को रु. ……………………… पहिला किस्ता पट्टा कबुलियत भएको आजै …………… बुझाउनु पर्ने रु. ………………………

दोश्रो किस्ता ………… साल ……… गते ……… गाउंपालिका मा बुझाउने छु । रु. ……………………

तेश्रो किस्ता ………… साल ……… गते ……… गाउंपालिका मा बुझाउने छु । रु. ……………………

ठेकेदार वा निजको वारेस गाउंपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजको अख्तियारप्राप्त अधिकारी

दस्तखत : दस्तखतः

नाम थर : नाम थरः

ठेगाना : पदः

बाबुको नाम :

बाजेको नाम :

साक्षीको नाम, थर, ठेगाना र दस्तखत :

इति सम्वत्………… साल…………गते रोज ………शुभम्

अनुसूची- ३

## गोसाईकुण्ड गाउं कार्यपालिकाको कार्यालय

## पट्टाको फाराम

गोसाईकुण्ड गाउंपालिका बाट श्री ................................ को नाती.................................. श्री .................................. को छोरा ............................ बस्ने वर्ष .......... को श्री ................................. ले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ........ बमोजिम श्रोतबाट तपसील बमोजिमको क्षेत्रमा तपसील बमोजिमको शर्तमा तपसील बमोजिमको दरले आयरकम संकलन गर्न ठेक्का बन्दोबस्त गर्ने गरी यस गोसाइकुण्ड गाउंपालिकाबाट माग गरिए अनुसार तपाई समतले दिनुभएको बोलपत्र वा बढाबढ वा ..............(अन्य व्यवस्था) को व्यहोरा पेश हुंदा आर्थिक वर्ष ......... को लागि रु............................. अक्षरेपी ....................................... मा ठेक्का दिने गरी तपाईका साथ ठेक्का बन्दोबस्त गर्ने मिति ............................ मा गाउंपालिकामा निर्णय भएको हुंदा उपर्युक्त निर्णयानुसार तपसीलको शर्त बमोजिम तपसीलमा लेखिएको आय संकलन गर्न मन्जुर भई कबुलियत गरी दिनु भएको हुंदा तपाईको कबुलियत बमोजिम तपसीलमा लेखिएको शर्तमा कति घटी बढी नपारी तपसीलमा लेखिए बमोजिम तपसीलमा तोकिएका मिति भित्र तोकिएको ठाउंमा चाहिने ................ किस्ताको रुपैया बुझाई मिति ........................ देखि मिति ............................. सम्मको निमित्त देहाय बमोजिमका श्रोतहरुबाट देहाय बमोजिमको दरमा आन्तरिक आय संकलन गर्ने कार्य गर्नु होला । तपाईले गरी दिनु भएको कबुलियत र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी कर, सेवा शुल्क वा दस्तुर उपर गरेका वा स्थानीय तहले कर, सेवाशुल्क वा दस्तुर असूल गरेको प्रमाण हुंदा हुदै दोहोरो हुने गरी कर सेवा शुल्क वा दस्तुर असूल गरेको ठहरे तपाईसग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसबाट यस गाउंपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असुलउपर गरिने छ । पछि तपाईको कुनै कुरामा उजूर दाबी लाग्ने छैन भनी आजै गोसाईकुण्ड गाउंपालिकाबाट ठेक चलनको पूर्जी गरी दिइएको छ ।

**तपसील**

(१) तपसीलमा उल्लेख गरिए बमोजिमका क्षेत्र (एरिया) भित्र र शर्तको अधिनमा रही आर्थिक वर्ष ............ को रु. ..................... आर्थिक वर्ष ............ को..........आर्थिक बर्ष ................. को रु. ..................... समेत गरी जम्मा रु............ को ठेक्का रकम प्रति किस्ता रु. ........... का दरले जम्मा .......... किस्तामा देहायको **म्यादभित्र किस्ता ठेक बुझाउने गरी ............. साल .................... गतेदेखि........................... साल तकलाई प्रचलित कानुनको** अधीनमा रही रकम चलनगर्ने ।

उक्त आय संकलन गर्नका निमित्त गाउंपालिका को क्षेत्र भित्र व्यवसायिक उत्पादन वा निकासी भएको

(२) सामानहरुको गाउंपालिकाबाट

यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकीएको दरमा कर सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गरी गोसाईकुण्ड गाउंपालिकालाई किस्ता रकम बुझाउने पर्नेछ । यसरी आय संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद यसै गाउंपालिका बाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।

(३) सो आय संकलन गर्न यस गाउंपालिका बाट निर्धारण भएको वस्तुमा तोकिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क वा दै-दस्तुर इत्यादि लगाई लिइने छैन र गाउंपालिका बाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै त्यस्तो अनाधिकृत रकम असूल उपर गरेको वा अनाधिकृत रसिद प्रयोग गरेको कुरा यस गाउंपालिकाबाट अनुगमन हुंदा सो पाईएमा नियमानुसार सजाय गरिनेछ ।

४) अन्य किस्ताको हकमा दोश्रो किस्ता रु. .......................... मिति ........................ भित्र र तेश्रो किस्ता रु........................ मिति........................ भित्र यस गोसाईकुण्ड गाउंपालिकामा बुझाउनु पर्नेछ

यसमा निमयानुसार लाग्ने मूल्य अभिबृद्धि कर तपाईकै तर्फबाट आन्तरिक राजश्व कार्यलयमा बुझाउंनु पर्नेछ ।

(५) यसमा नियमानुसार लाग्ने आयकर तपाईकै तर्फबाट नियमानुसार आन्तरिक राजश्व कार्यालयमा बुझाउंनु पर्नेछ ।

(६) अन्य आवश्यक कुरा केही भएमा ....................

## किस्ताबन्दी :

............... साल ................. गते देखि ............. साल ..............तक ............ वर्ष .................... महिनाको .............. जम्मा रु. ........................ साल ................. तक ................ वर्ष १ को रु. ............................ पहिला किस्ता पट्टा कबुलियत भएको आजै ............... बुझाउनु पर्ने रु. ............................

दोश्रो किस्ता .............. साल ........... गते .......... गाउंपालिका मा बुझाउने छु । रु. .......................

तेश्रो किस्ता .............. साल ........... गते .......... गाउंपालिका मा बुझाउने छु । रु. ...........................

इति

सम्वत्..................साल.........................गते रोज ...........

शुभम्

अनुसूची-४

गोसाईकुण्ड गाउंपालिकाको आन्तरिक आय संकलन सम्बन्धी कार्यविधि २०७६ को दफा १३ संग सम्बन्धित

रसिद नं. गोसाईकुण्ड गाउपालिका
बिक्रेताको कर दर्ता नं. गाउ कार्यपालिकाको कार्यालय
स्याफ्रुबेशी, रसुवा मितिः
बाग्मती, प्रदेश गाडी नं.
आन्तरिक आय उठाउने कम्पनी/व्यक्ति/व्यवसायीको नामः
समयः

कर बिजक

गोसाईकुण्ड गाउपालिकाको तपसिलमा लेखिए बमोजिमको शुल्क/कर/दस्तुर
श्री ............................................... बाट निम्न बमोजिमको रकम प्राप्त भयो ।

| क.सं. | विवरण/वापत | परिमाण | ईकाई | दर | रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | जम्मा | |
| अक्षरेपी रु. | | | | कर १३५ | |
| | | | | कुल जम्मा | |

.............................
.............................

बुझाउनेको दस्तखत बुझिदिनेको दस्तखत

अनुसूची-५

गोसाईकुण्ड गाउंपालिकाको आन्तरिक आय संकलन कार्यविधि २०७६ को दफा १३ संग सम्बन्धित

गोसाईकुण्ड गाउपालिका

रसिद नं. गाउ कार्यपालिकाको कार्यालय कम्पनीको मु.अ.क.नं.

स्याफ्रुबेशी, रसुवा मितिः

बिक्री शुल्क उठाउने कम्पनी/व्यक्ति/व्यवसायीको नामः

गाडी नं.

समयः

बिक्री शुल्कको नगदी रसिद

गोसाईकुण्ड गाउपालिकाबाट उत्पादन हुने तपसिलमा लेखिए बमोजिमको माल बस्तुको बिक्री शुल्क वापत श्री ........................................................................... बाट निम्न बमोजिमको रकम प्राप्त भयो ।

| विवरण/बिषय | ईकाई | परिमाण | दर प्रति ईकाई | रुपैया | पैसा | कैफियत |
|---|---|---|---|---|---|---|
| | क्यु फिट | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | जम्मा | | | |
| अक्षरेपी रु. | | | मु.अ.कर १३५ | | | |
| | | | कुल जम्मा | | | |

बुझाउनेको दस्तखत बुझिदिनेको दस्तखत

**आज्ञाले**

देवीलाल सापकोटा

प्रमुख प्रशासकीय अधिकृत